# नेपाल पुलिस स्कुलको
## प्राचार्य नियुक्तिका लागि दरखास्त आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०।१०। ०३ गते)**

नेपाल पुलिस स्कुल (गरुडा, रौतहट र घोराही, दाङ) मा रिक्त रहेको प्राचार्य नियुक्त गर्ने प्रयोजनको लागि देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (वि.सं. २०८० माघ १७ गते, सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट) छनौट बोर्डको सचिवालय नेपाल प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखा, स्कूल समन्वय डेस्क, नक्सालमा बिहान १० बजेदेखि अपरान्ह ४ बजेसम्म तथा स्क्यान कपी phqscd@nepalpolice.gov.np वा psbschooldesk@gmail.com मार्फत दरखास्त पेस गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम नेपाल प्रहरीको वेबसाइट www.nepalpolice.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

**१. उम्मेदवारका लागि योग्यता: नेपाल पुलिस स्कुलको प्राचार्य पदका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ:-**

(क) कुनै विश्वविद्यालय वा अध्ययन संस्थानबाट स्नातकोत्तर तह उत्तीर्ण गरेको,

(ख) माध्यमिक तह वा सो सरहको पदमा कम्तिमा १० वर्ष प्राध्यापन गरेको वा माध्यामिक तहको विद्यालयमा प्राचार्यको रूपमा कम्तिमा ५ वर्षको कार्यानुभव भएको वा विश्वविद्यालयमा उप-प्राध्यापक पदमा कम्तिमा ३ वर्ष कार्यरत रहेको,

(ग) फौजदारी कसुरमा सजाय नपाएको,

(घ) दरखास्त दिंदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ङ) स्कुलसँग कुनै किसिमको स्वार्थको द्वन्द (Conflict of Interest) नभएको।

(च) दरखास्त दिने अन्तिम मितिमा ३५ वर्ष पुरा भै ५५ वर्ष ननाघेको।

**२. दरखास्तसाथ पेस गर्नुपर्ने कागजातहरु:**

(क) नेपाली नागरिकताको स्वयं प्रमाणित प्रतिलिपि,

(ख) शैक्षिक योग्यता सम्बन्धी कागजातहरुको स्वयं प्रमाणित प्रतिलिपिहरु (विदेशी बोर्डको भए समकक्षताको प्रमाणपत्र समेत),

(ग) विद्यालय/विश्वविद्यालयमा काम गरेको अनुभव खुल्ने सम्बन्धित विद्यालय/विश्वविद्यालयका कागजातहरुका प्रमाणित प्रतिलिपि,

(घ) २,५०० शब्दमा नबढाई स्कुलको नेतृत्व गर्ने सम्बन्धी अवधारणा पत्र (Concept Paper) र ४ वर्षको कार्ययोजना (Work Plan),

(ङ) राष्ट्रिय वा अन्तराष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित शैक्षिक अनुसन्धानका लेख, रचना तथा प्रकाशनहरु भए सोको प्रतिलिपिहरु,

(च) स्वयं प्रमाणित व्यक्तिगत विवरण,

(छ) बुँदा १ को खण्ड (ग), (घ) र (ङ) बमोजिमको स्वघोषणा पत्र,

(ज) प्राचार्य पदमा छनौट भएमा उक्त पदको पदावधि रहुन्जेल स्कुलमा पूरा समय कार्यरत रहने प्रतिबद्धता पत्र,

(झ) दरखास्त दस्तुर बापतको रू.२,०००।- (दुई हजार मात्र) राष्ट्रिय बाणिज्य बैंक, टंगालमा प्रहरी कल्याण कोषको नाममा रहेको खाता नं. ११६०१००००१७८७००१ मा दाखिला गरेको भौचर।

**३. मूल्याङ्कनका आधार:** कार्ययोजना प्रस्तुतीकरण, अन्तर्वार्ता र प्रयोगात्मक कक्षा।

**४. दरखास्त रद्द हुन सक्ने:** गलत वा झुठ्ठा कागज पत्र पेस गरेको पाइएमा छनौट बोर्डले कुनै पनि चरणमा उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ।

**५. प्राचार्यको कार्यकाल, सेवा सर्त र सुविधा:** प्राचार्यको कार्यकाल सेवा सर्त र सुविधा देहाय अनुसार हुनेछ।

(क) प्राचार्यको तलब नेपाल सरकार शिक्षक सेवाको माध्यमिक शिक्षक प्रथम श्रेणी सरहको शुरु स्केल बमोजिम हुनेछ।

(ख) प्राचार्यको कार्यकाल ४ वर्षको हुनेछ। कार्य सम्पादन मूल्याङ्कनको आधारमा २ कार्यकालसम्म थप हुन सक्नेछ।

(ग) प्राचार्यको अन्य सुविधा सम्बन्धित नेपाल पुलिस स्कुलले तोके बमोजिम हुनेछ।

द्रष्टव्य: विस्तृत जानकारीको लागि नेपाल प्रहरी प्रधान कार्यालय, स्कूल समन्वय डेस्क नक्सालका प्रहरी निरीक्षक बुद्दि सागर पुरी, टेलिफोन नं ९८५१२८१५१९ वा ०१-४४११२१० Ext २४९ मा सम्पर्क गर्न सकिनेछ। यो सूचना नेपाल प्रहरीको वेबसाइट www.nepalpolice.gov.np मा पनि हेर्न सकिन्छ।

प्राचार्य छनौट बोर्ड

नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल।